म.जि.प्र.का.द.नं. : १०६/०६८, वर्ष १५ अंक २२० शुक्रबार, १३ चैत २०८२ ने. सं. ११४६ चौलाथ्व 27 March 2026 www.sajhakuranews.com पृष्ठ संख्या ४ मूल्यः रु. ३/-

मकवानपुरबाट प्रकाशित लोकप्रिय 'क' वर्गको पत्रिका

साझाकुरा

# साझाकुरा राष्ट्रिय दैनिक

www.sajhakuranews.com

## वडासदस्यको निधनमा एकदिन शोकबिदा

हेटौंडा, १२ चैत/मकवानपुरको बकैया गाउँपालिकाले वडासदस्यको निधनप्रति श्रद्धाञ्जली व्यक्त गर्दै बिहीबार एकदिन शोकबिदा दिएको छ । गाउँपालिकाको फागुन ११ गतेको निर्णयअनुसार शोकबिदा दिएको हो । प्रमुख प्रशासकीय अधिकृत विनोद पोखरेलद्वारा हस्ताक्षरित सूचनामा पालिका तथा मातहतका सम्पूर्ण कार्यालय, स्वास्थ्यसंस्था र शैक्षिकसंस्थामा आकस्मिक बाहेकका सेवा बन्द रहने उल्लेख गरिएको छ । यद्यपि, सञ्चालनमा रहेका विद्यालयस्तरीय परीक्षा भने साविककै तालिकाअनुसार सञ्चालन हुने जनाइएको छ । फागुन १० गते बकैया गाउँपालिका वडा नं. ११ का निर्वाचित वडासदस्य ४२ वर्षीय ज्ञानबहादुर गोलेको करेन्ट लागेर निधन भएको थियो ।

बकैया-११ स्थित पिपलडाँडा लेकनिवासी गोले वडा कार्यालयको नियमित बैठकमा सहभागी हुन जानेक्रममा बाटोमा भुइँमा झरेको बिजुलीको तार हटाउने प्रयास गर्दा करेन्ट लागेर मृत्यु भएको थियो । गोले २०७४ र २०७९ सालको स्थानीय तह निर्वाचनमा वडासदस्यमा निर्वाचित भएका थिए । उनको निधनले स्थानीय तहमा अपूरणीय क्षति पुगेको गाउँपालिकाले जनाएको छ ।

## अवैध उत्खननमा पाँचजनालाई वनमुद्दा


साझाकुरा संवाददाता

हेटौंडा, १२ चैत/मकवानपुरको बकैया गाउँपालिकामा अवैध चुनढुंगा उत्खनन प्रकरणमा डिभिजन वन कार्यालय मकवानपुरले पाँचजनालाई दोषी किटान गर्दै वनमुद्दा लगाएको छ ।

चुनढुंगा उत्खननका लागि राष्ट्रिय वनक्षेत्र मासेर सडक खनिएको र सडक खन्दा निस्कएको माटोले बोटबिरुवा मासिएको सबडिभिजन वन कार्यालय बकैयाको स्थलगत जाँचबुझ अनुसन्धानबाट पुष्टि भएपछि पाँचजनालाई प्रतिवादी बनाएर वनमुद्दा चलाइएको हो । जसमध्ये चारजना जग्गाधनी र एकजना व्यवसायी रहेका छन् । कित्ता नम्बर १३२ का जग्गाधनी सुकुलाल नेसुर, धनबहादुर घलान र प्रेमबहादुर मुक्तानलाई पक्राउ गरी वन ऐन, २०७६ को दफा ४९ को खण्ड (ग) बमोजिम कसुर गरेको पुष्टि हुन आएको दाबीसहित डिभिजन वनले मुद्दा चलाएको हो ।

नेसुर एक लाख र धन बहादुर र प्रेमबहादुर ५०-५० हजार धरौटी बुझाएर रिहा भएको डिभिजन वनले जनाएको छ । अर्का जग्गाधनी वीरबहादुर घलान र व्यवसायी प्रकाश गौतम फरार रहेको र उनीहरुको खोजी भइरहेको डिभिजन वनप्रमुख राकेशप्रसाद चन्द्रवंशीले जानकारी दिए । अनुसन्धान प्रतिवेदनमा प्रतिवादी सुकुलाल नेसुरले कित्ता नम्बर १३१ र १३२ का अन्य जग्गा धनीबाट मञ्जुरीनामा लिई चुनढुंगा उत्खनन गरेको र यो कार्यका लागि सडक निर्माण गरेको दाबी गरिएको छ । धनबहादुर र प्रेमबहादुरले नेसुरलाई मञ्जुरीनामा दिएर चुनढुंगा उत्खनन गर्न दिएका थिए ।

'सुकुलाल नेसुर र श्रीॐ अटुट कन्स्ट्रक्सन प्रालि हेटौंडा-१६ ले आफूखुशी एस्काभेटर प्रयोग गरी यो सडक थप चौडा पारेको, प्रतिवादी वीरबहादुर घलानको कित्ता नम्बर १३१ र राष्ट्रिय वनक्षेत्र हुँदै ५/६ मिटर चौडाइ र १९१ मिटर लामो सडक




खन्ने क्रममा राष्ट्रिय वनक्षेत्रमा पर्ने कालीकाठडाँडा र कित्ता नम्बर १३१ को उत्तरक्षेत्रमा सर्भे लाइनभन्दा बाहिर खनिएको,' प्रतिवेदनमा उल्लेख छ ।

बयान र प्रमाणबाट प्रतिवादीहरु जग्गाधनी नेसुर र ॐअटुट कन्स्ट्रक्सन प्रालि हेटौंडा-१६ ले विनाअनुमति राष्ट्रिय वन फँडानी गर्ने र खानीजन्यपदार्थ उत्खनन गर्ने कार्य गरी वन ऐन, २०७६ को दफा ४९ को खण्ड (ग) बमोजिमको कसुर गरेको पुष्टि हुन आएकोले उनीहरुलाई सोही ऐनको दफा ५० (३) बमोजिम सजाय माग गर्दै जिल्ला न्यायाधीवक्ता देवेन्द्रराज आचार्यबाट मकवानपुर जिल्ला अदालतमा मुद्दा दायर गर्ने निर्णय भएको थियो । अन्य प्रतिवादी धनबहादुर, प्रेमबहादुर र वीरबहादुरले नेसुरसँगको मिलोमतोमा निजलाई यो कसुर गर्न दुरुत्साहन गरी कि.नं. १३१ र १३२ को जग्गाबाट ढुंगा उत्खनन गरी बिक्री गर्न मञ्जुरीनामा दिई सोही ऐनको दफा ५४ बमोजिमको कसुर गरेको पुष्टि हुन आएको दाबीसहित उनीहरुलाई पनि सोही ऐनको दफा ५४ बमोजिम सजाय माग गरिएको छ ।

पीडित संरक्षण ऐन, २०७५ को दफा ४१ बमोजिम क्षतिपूर्ति शुल्क निर्धारण गरी पीडित राहत कोषमा जम्मा गराउन दाबीसहितको मुद्दा दायर गरिएको डिभिजन वनप्रमुख चन्द्रवंशीले जानकारी दिए । तास्वास कोलखोप पहुँच सडक २०७८ सालमै गाउँपालिकाले निर्माण गरेको थियो । बकैयाको १२ नम्बर वडा कार्यालयले पाँच लाख बजेटमा चौडाइ ३ मिटर र लम्बाइ २०११ मिटर सडक आर्थिक वर्ष २०७८/७९ मा निर्माण गरेको हो । यो सडक नेसुरलगायत निर्माण कम्पनीले आफ्नै पहलमा सडक स्तरोन्नति गरेको डिभिजन वनले जनाएको छ । नेसुरले २ वर्षसम्म पहलगर्दा पनि पालिकाबाट सडक स्तरोन्नति नभएकोले आफ्नै पहलमा हिँडडुल गर्न र चुनढुंगा ओसारपसार गर्न बाटो बनाएको बयानमा भनेका छन् ।

### के थियो अवैध चुनढुंगा उत्खननको घटना ?

मकवानपुरगढी गाउँपालिका र बकैया गाउँपालिकाको सीमाक्षेत्रमा पर्ने चपकीखानीक्षेत्रको पूर्वतर्फबाट महिनौंदेखि अवैधरुपमा चुनढुंगा उत्खनन भइरहेको थियो । बकैया गाउँपालिका कार्यालयकै मिलेमतोमा १२ नम्बर वडाको चपकी खानीक्षेत्रको पूर्वतर्फबाट निजी जग्गाको नाममा कानुनविपरीत निरन्तर चुनढुंगा उत्खनन र बिक्री भइरहेको हो । चुनढुंगा रहेको भूभाग सरकारको सम्पत्ति हुने र उत्खनन गर्न खानी तथा भूगर्भ विभागको स्वीकृति अनिवार्य रहेको कानुनी व्यवस्था रहेकोमा चुनढुंगाको अवैध उत्खनन भइरहँदा 'पालिका अध्यक्षको मिलेमतोमा चुनढुंगाको अवैध उत्खनन' शीर्षकमा समाचार प्रकाशित भएको थियो ।

समाचार प्रकाशित भएपछि डिभिजन वन कार्यालयले गत १९ मंसिरमा सव डिभिजन बकैयाका प्रमुख वन अधिकृत शरु श्रेष्ठको नेतृत्वमा अनुसन्धान टोली खटाएको थियो । डिभिजन वनप्रमुख चन्द्रवंशीका अनुसार २० कात्तिक २०८० मा कानुनी प्रक्रिया पूरा गरेर खानी विभागको सहमतिमा मात्रै उत्खनन गर्न गाउँपालिकालाई लिखित पत्राचार गर्दा पनि पालिकाले अटेर गरेको पाइएको थियो । अवैध उत्खननमा गाउँपालिका नै दोषी देखिँदा पनि डिभिजन वनले उन्मुक्ति दिएको छ ।

गाउँपालिकाको २०८२ असोज २९ गतेको कार्यपालिका बैठकले वडा नम्बर १२ स्थित चपकीक्षेत्रको सुकलाल नेसुरको नाममा रहेको (कित्ता नम्बर १३२ को ११ रोपनी ६ आना २ पैसा ३ दाम) जग्गामा ढुंगामाटो भनेर चुनढुंगा उत्खनन तथा ढुवानी गर्न अनुमति दिएको हो । तर, जग्गाधनी नेसुरले निर्माण कम्पनी लगाएर माटो भन्दै चुनढुंगा उत्खनन गरी बिक्री गरिरहेका थिए । खानी तथा खनिजपदार्थ ऐन २०४२ को दफा ३ मा 'नेपालभित्र निजी वा सरकारी स्वामित्वमा रहेको जुनसुकै जमिनको सतह वा भूगर्भभित्र रहेको वा पाइएको सम्पूर्ण खनिजपदार्थ नेपाल सरकारको सम्पत्ति हुनेछ' भनिएको छ ।

खनिज उत्खनन कसले गर्न दिने भन्ने खानी तथा खनिजपदार्थ नियमावली २०५६ को नियम १४ को उपनियम (१) र (२) तथा अनुसूची ७ ले प्रष्ट पारेको छ । गाउँपालिकाले चुनढुंगालाई सामान्य ढुंगामाटो भनेर परिभाषित गर्न खोजे पनि कानुनले त्यसलाई अस्वीकार गरेको छ । खानी तथा खनिज नियमावली २०५६ को नियम ३ को अनुसूची १ अनुसार चुनढुंगा 'अधातु खनिज' अन्तर्गत पर्छ र यसलाई महत्वको आधारमा बहुमूल्य खनिज मानिन्छ ।

महाभारत पर्वत शृंखलामा पर्ने अधिकांश डाँडामा चुनढुंगा छन् । पश्चिमी क्षेत्र र राक्सिराङदेखि भीमफेदी, मकवानपुर गढी, बागमती र बकैया गाउँपालिका पहाडमा चुनढुंगा प्रशस्तै पाइन्छ । यी क्षेत्रमा हेटौंडामा रहेका सरकारी स्वामित्वको हेटौंडा सिमेन्ट उद्योग र निजीक्षेत्रको शिवम् सिमेन्ट र रिद्धिसिद्धि सिमेन्टका खानी छन् ।

## गाउँटोलमै पुगि सेवा उपलब्ध गराउँदै राक्सिराङका जनप्रतिनिधि



साझाकुरा संवाददाता

हेटौंडा, १२ चैत/मकवानपुरको विकट राक्सिराङका जनप्रतिनिधि र कर्मचारीले गाउँटोलमै पुगी सबैखालका सेवा उपलब्ध गराएका छन् ।

टोलटोलमै गाउँपालिकाको सेवा पाएपछि स्थानीयबासी दङ्ग परेका छन् । वृहत एकीकृत घुम्तीशिविरमार्फत् गाउँपालिकाले स्वास्थ्य जाँच र औषधि वितरणदेखि कृषि तथा पशुपंक्षीका औषधिसमेत वितरण गरेपछि स्थानीय हर्षित बनेका हुन् । 'सेवालिने सबैको अधिकार, घरघरमा स्थानीय सरकार' भन्ने नाराकासाथ विगत वर्षदेखि गाउँटोलमै पुगी सबै खालको सेवा दिन सुरु गरेको गाउँपालिकाले बुधबार वडा नम्बर १ मा एकीकृत सेवा दिएको हो । वडा नम्बर १, २ र ३ लाई समेटेर सबै सेवा उपलब्ध गराइएको गाउँपालिका अध्यक्ष राजकुमार मल्लले जानकारी दिए ।

वडामा स्थान तोकेर निश्चित सेवा उपलब्ध गराइएकोमा अशक्तलाई भने घरमै पुगेर स्वास्थ्य उपचार र निशुल्क औषधि उपलब्ध गराइएको थियो । गाउँपालिका अध्यक्ष मल्ल, उपाध्यक्ष वनस्तम थिङलगायत जनप्रतिनिधिले ज्येष्ठनागरिकको घर घरमा पुगी उनीहरुको लालनपालनको अवस्था बुझ्ने र उनीहरुलाई पोषिलो खानेकुरा वितरणका साथ सम्मान गरेका छन् । एकीकृत शिविरमा कृषि तथा पशुपन्छीतर्फ १८० परिवारलाई घाँसको बीउ र पुशऔषधि वितरण गरिएको थियो भने २०० थान तरकारीको मिनिकिट र २० थान टनेल प्लास्टिक वितरण गरिएको थियो । ३ वटा कृषक समूहालई अनुदानमा मिनी टिलर र १० थान स्प्रे पम्प र २० वटा ग्रीन नेट उपलब्ध गराइएको गाउँपालिकाले जनाएको छ ।

एकीकृत शिविरमा २६० जनाले निःशुल्क स्वास्थ्य जाँचसेवा लिनुका साथै निःशुल्क औषधिसमेत प्राप्त गरेका थिए । २५० जनाले आयुर्वेदतर्फको सेवा लिएको गाउँपालिका अध्यक्ष मल्लले बताए । शिविरकैबीच २५ जना सुत्केरीलाई सुनौलो हजार दिन कार्यक्रमअर्न्तगत् खाद्यान्न तथा अन्य सामग्री वितरण गरिएको थियो । शिविरकैबीच ४ जनालाई अपाङ्गता परीक्षण गरी कार्ड वितरण गरिएको थियो भने लघुउद्यम तर्फ ५ जनालाई मौरीको प्रविधि हस्तान्तरण गरिएको थियो । शिविरमा नवउद्यमशीलता सिर्जना गर्न २७ जनाले फारम भरेका छन् भने २४ जनाले उद्यमशीलता सम्बन्धी परामर्श र ५० जनाले स्वरोजगार कार्यक्रमका लागि फारम भरेका थिए ।

३ वटा वडाका १२ जना ज्येष्ठनागरिकलाई अध्यक्ष मल्ल, उपाध्यक्ष थिङसहित, वडाध्यक्षले घर मै पुगी सम्मान गर्नुका साथै उनीहरुलाई पोषिलो खानेकुरा वितरण गरेका थिए । ज्येष्ठनागरिकको हेर चाहको अवस्था बुझ्नुका साथै अपहेलनामा परेको भए उनीहरुको परिवारलाई परामर्श दिने उद्देश्यले ज्येष्ठनागरिक सम्मान तथा घरघरमै भेटघाटमा पुगेको अध्यक्ष मल्लले बताए । गाउँपालिकाले सबै वडालाई समेट्ने उद्देश्यले चैत १६ गते राक्सिराङ ९ डन्टार, चैत १८ गते ८ नम्बर वडाको पाम्बुङ र २० गते ७ नम्बर वडाको जुरेथुममा एकीकृत घुम्ती शिविरको आयोजना गरेको छ ।

## चेपाङ बस्ती राम्चेमा विद्यालय भवन बन्दै



साझाकुरा संवाददाता

हेटौंडा, १२ चैत/चेपाङ र तामाङ समुदायको बाहुल्यता रहेको मकवानपुरको विकट राक्सिराङ गाउँपालिका-१, राम्चेमा दुईकोठे पक्की विद्यालय भवन निर्माण सुरु गरिएको छ ।

विन्देश्वरी आधारभूत विद्यालयको भवन जीर्ण अवस्थामा पुगेपछि नयाँ पक्की भवन निर्माणका लागि शिलान्याश गरिएको हो । गाउँपालिका अध्यक्ष राजकुमार मल्ल, उपाध्यक्ष वनस्तम थिङ, वडाध्यक्ष, ईस्थर बेन्जामिन स्मृति संस्थाका जिल्ला अध्यक्ष बुद्धबीर लामालगायतले संयुक्तरुपमा भवनको शिलान्यास गरेका हुन् । विद्यालय व्यवस्थापन समितिका अध्यक्ष लालकुमार चेपाङका अनुसार २०५६ सालमा स्थापना भएको विद्यालयको भवन जीर्ण भएपछि ईस्थर बेन्जामिन स्मृति संस्थाले २२ लाख लागतमा नयाँ भवन निर्माण गर्न लागेको हो ।

हाल ७५ जना विद्यार्थी अध्ययनरत रहेको विद्यालयमा पर्याप्त कक्षाकोठा अभावका कारण एउटै कोठामा विद्यार्थी राखेर पठनपाठन गराउनुपर्ने बाध्यता रहेको प्रधानाध्यापक प्रेमबहादुर नेपालीले जानकारी दिएका छन् । विद्यार्थी करिब एक घण्टा टाढाबाट पैदल विद्यालय आउनुपर्ने अवस्था रहेको छ । भौगोलिक विकटताका कारण वर्षायाममा खोलानाला तर्न समस्या हुँदा विद्यार्थी नियमितरुपमा विद्यालय आउन नसक्ने अवस्था रहेको शिक्षक कान्छाराम चेपाङले बताए । विद्यालयमा सरकारले उपलब्ध गराएको दिवाखाजाअन्तर्गत चिउरा, दालमोट, जाउलो, तरकारी तथा शुक्रबार अण्डा वितरण गर्ने गरिएको छ ।

यस विद्यालयमा इन्द्रुङ, वाराङ, थुवुङ र राम्चे क्षेत्रबाट विद्यार्थी अध्ययन गर्न आउने गरेका छन् । भौगोलिक विकटता, अशिक्षा र गरिबीका कारण यहाँका बासिन्दाको जीवनस्तर कमजोर रहेको छ । यो वडामा कुल ६०४ घरधुरी रहेका छन् ।

## म्यानेजमेन्ट र सेन्ट जेभियर्सबीच सम्झौता

साझाकुरा संवाददाता

हेटौंडा, १२ चैत/काठमाडौंको माइतिघरस्थित सेन्ट जेभियर्स कलेज र हेटौंडा स्कूल अफ म्यानेजमेन्टले शैक्षिक तथा अनुसन्धान सहकार्यका लागि सम्झौता गरेको छ ।

संस्थागत पहिचान तथा ब्रान्डिङ सुदृढ बनाउने उद्देश्यकासाथ दुवै संस्थाका प्रतिनिधिले बिहीबार ३ वर्षे सम्झौतापत्रमा हस्ताक्षर गरेका हुन् । सेन्ट जेभियर्स कलेजको तर्फबाट प्राचार्य प्रोफेसर डा. अगस्तिन थमस, एसजे र हेटौंडा स्कूल अफ म्यानेजमेन्टको तर्फबाट प्राचार्य पुरनबहादुर जोशीले सम्झौता पत्रमा हस्ताक्षर गरेका हुन् । सम्झौताअनुसार दुवै संस्थाले प्राध्यापक तथा मानवस्रोत आदानप्रदान गर्नुका साथै संयुक्त अनुसन्धान परियोजना



सञ्चालन, राष्ट्रिय तथा अन्तर्राष्ट्रिय स्तरका सेमिनार र कार्यशाला आयोजना गर्नेछ ।

प्रमाणपत्र तहका कार्यक्रम विकास, शिक्षक तथा कर्मचारीका लागि क्षमता अभिवृद्धि कार्यक्रम सञ्चालन तथा आधुनिक र नवीन शिक्षण विधिमा पनि सहकार्य गर्ने सम्झौतापत्रमा उल्लेख छ । संस्थागत सामाजिक उत्तरदायित्व अन्तर्गत सामुदायिक सेवा, ग्रामीणक्षेत्रमा शैक्षिक पहुँचविस्तार तथा उद्यमशीलता प्रवर्द्धनसम्बन्धी कार्यक्रम पनि सञ्चालन गरिनेछ । आपसी सहमतिका आधारमा सम्झौता नवीकरण गर्न सकिने हेटौंडा स्कूल अफ म्यानेजमेन्टले जनाएको छ । यसले दुवै संस्थाबीच ज्ञान अदानप्रदान, नवप्रवर्तन र शैक्षिक गुणस्तर अभिवृद्धिमा टेवा पुग्ने विश्वास लिइएको छ ।






साझाकुरा

## हाम्रो कुरा

# भुटनदेबी: मेघा विद्यालयको मार्गचित्र

हेटौंडाको शैक्षिक इतिहाससँग गहिरोरुपमा जोडिएको भुटनदेवी माध्यमिक विद्यालय केवल एउटा विद्यालय मात्र होइन, पुस्तौँको सपना, संघर्ष र सामाजिक रुपान्तरणको साक्षी पनि हो । समयसँगै शिक्षाप्रणालीमा आएको परिवर्तन, प्रविधिको विकास र विद्यार्थी-अभिभावकका अपेक्षाले विद्यालयलाई नयाँ उचाइमा पु¥याउन संरचनागत, शैक्षिक र व्यवस्थापकीय सुधार अपरिहार्य भएको छ । अबको लक्ष्य स्पष्ट हुनुपर्छ–भुटनदेवी माविलाई स्थानीय मात्र होइन, प्रदेशकै 'मेघा विद्यालय'का रुपमा स्थापित गर्नु । शैक्षिक गुणस्तर सुधार मुख्य आधार हो । शिक्षकको निरन्तर व्यावसायिक विकास अनिवार्य गरिनुपर्छ । विषयगत तालिम, आधुनिक शिक्षणविधि र मूल्यांकन सुधारले कक्षासिकाइलाई जीवनोपयोगी बनाउन सक्छ । पाठ्यक्रमलाई स्थानीय सन्दर्भसँग जोड्दै डिजिटल साक्षरता, उद्यमशीलता, वातावरणीय शिक्षा र जीवनोपयोगी सीपलाई प्राथमिकतामा राख्नुपर्छ ।

सुरक्षित कक्षाकोठा, विज्ञान तथा कम्प्युटर प्रयोगशाला, पुस्तकालय, खेलमैदान, शौचालय र अपाङ्गमैत्री संरचना 'मेघा विद्यालय'का आधारभूत शर्त हुन् । स्मार्ट कक्षाकोठा, इन्टरनेट पहुँच र डिजिटल सामग्रीले सिकाइलाई रोचक र प्रभावकारी बनाउँछ । सौर्यऊर्जाजस्ता दिगो समाधानले लागत घटाउनुका साथै वातावरणीय उत्तरदायित्व पनि बढाउँछ । विद्यार्थी केन्द्रित वातावरण, परामर्शसेवा, मनोसामाजिक सहयोग, सहपाठ्यक्रम गतिविधि (कला, खेलकुद, विज्ञान क्लब) र करियर मार्गदर्शनले विद्यार्थीको सर्वाङ्गीण विकास सुनिश्चित गर्छ । अनुशासनलाई दण्डमुखी होइन, मूल्य-आधारित बनाइनुपर्छ । समावेशी शिक्षा नीतिले सबै पृष्ठभूमिका विद्यार्थीलाई समान अवसर दिनुपर्छ । विद्यालय व्यवस्थापन समितिको सक्रियता, पारदर्शी वित्तीय प्रणाली, नियमित आत्ममूल्यांकन र सार्वजनिक प्रतिवेदनले विश्वास निर्माण गर्छ । अभिभावक, पूर्वविद्यार्थी, स्थानीय सरकार, निजीक्षेत्र र गैरसरकारी संस्थासँग साझेदारी बढाएर स्रोत परिचालन गर्न सकिन्छ । छात्रवृत्ति, मेन्टरिङ र पूर्वाधार सहयोग जस्ता विषयमा बहस जरुरी छ । स्पष्ट भिजनसहित ५-१० वर्षे रणनीतिक योजना, लक्ष्य-सूचक र समयबद्ध कार्यान्वयन आवश्यक छ । प्रधानाध्यापक र नेतृत्वटोलीले परिवर्तनको अगुवाइ गर्दै नवप्रवर्तनलाई संस्थागत गर्नुपर्छ । भुटनदेवी माविलाई 'मेघा विद्यालय' बनाउने यात्रा केवल बजेट वा भवनको विषयमात्र होइनह यो हेटौंडाको संस्कार, गुणस्तर र सहभागिताको समिश्रण पनि हो । इतिहासले दिएको चालकहरुको बस्ती भन्ने पहिचानलाई आधुनिक डिजिटल प्रणालीसँग जोड्दै बालबालिकाको रोजाई, समाजको आवश्यकतामा साझा प्रयास र दृढ प्रतिबद्धताबाट भुटनदेवी मावि हेटौंडाको शैक्षिक गौरवकारुपमा पुन:स्थापित हुनसक्छ ।

हेटौंडा उपमहानगरपालिकाअन्तर्गत रहेको भुटनदेवी माध्यमिक विद्यालय (प्राविधिक शिक्षालय) को आयोजनामा तथा शिक्षा विकास महाशाखा, हेटौंडा उपमहानगरपालिकाको समन्वयमा विशेष शैक्षिक अन्तरक्रियामा शिक्षा सुधारका विविध विषयमा चरणबद्धरुपमा छलफल भएको थियो । विद्यार्थीको भविष्य शिक्षक, अभिभावक तथा स्थानीय सरकारको हातमा रहेको उल्लेख गर्दै यी सबै पक्ष गुणस्तरीय शिक्षाका लागि जिम्मेवार बन्नुपर्नेमा जोड दिइएको थियो । सहभागी शिक्षकले विद्यालय सुधारमा विद्यालय प्रशासनको ठूलो जिम्मेवारी हुने औंल्याउँदै त्यसलाई सुधार गर्नुपर्ने निष्कर्ष निकालेका थिए । छलफलमा शिक्षकले चाहना र प्रतिबद्धता देखाएमा छिट्टै शैक्षिक सुधार सम्भव हुने तथा गुणस्तरीय शिक्षातर्फ विद्यालय अघि बढ्न सक्ने धारणा राखेका छन् । हेटौंडा-४ का वडाअध्यक्ष नबीन सिग्देलले आधुनिक राष्ट्रिय मावि र भुटनदेबी माविलाई समेटेर मेघा विद्यालयको अवधारणा अघि सारेका छन् । यो विषयमा बहस चलाएर प्रक्रियागत रुपमा अगाडि बढ्न जरुरी छ ।

## महत्वपूर्ण टेलिफोन नम्बरहरु

### मकवानपुर प्रहरी

| | |
|---|---|
| प्रहरी कन्ट्रोल: | १०० |
| जिल्ला ट्राफिक: | ५२०५९९ |
| वडा प्रहरी: | ५२०२९९ |
| पशुपतिनगर इलाका: | ५२०५९८ |
| पालुङ इलाका: | ६२०४६७ |
| मनहरी इलाका: | ९८५५०९०१६१ |
| इलाका फापरबारी: | ६२१९८० |
| इलाका भीमफेदी: | ६९१४६२ |
| इलाका ठिंगन: | ९८४५२९९३८१ |
| चौकीटोल चौकी | ९७४२५५९५०१ |
| चित्लाङ चौकी: | ६९२००० |
| चौघडा चौकी | ९८४४०५४६०४ |
| नेवारपानी चौकी: | ९७५५०००२९९ |
| फाखेल चौकी: | ९८४५०३१३९८ |
| पदमपोखरी चौकी: | ९८४५०९९७८९ |

### एम्बुलेन्स सेवा

| | |
|---|---|
| नेपाल रेडक्रस: | ५२०७११, ९८५५०२८९५२ |
| हेटौंडा अस्पताल: | ५२०३०५ |
| परिवार नियोजन संघ: | ५२०७४५,९८४५१०४५०० |
| मनहरी रेडक्रस: | ९८४५१०५८२१ |
| छतिवन रेडक्रस: | ९८६१६२२३११ |
| भीमफेदी रेडक्रस: | ६२०६९९ |
| पालुङ रेडक्रस: | ९८१४२०७४०१ |
| बज्रबाराही रेडक्रस: | ९८४५३०२९८४ |
| सहकारी अस्पताल: | ०५७-५२६५८७, ९८४५६१९११४ |
| बसामाडी एम्बुलेन्स: | ९८४५२९७५७९ |
| बारुण यन्त्र: | १०१ |
| बाल हेल्पलाइन नेपाल: | १०९८ |
| माइती नेपाल: | ५२१०५० |
| अपाङ्ग बाल अस्पताल | ९८४५२९६४४५ |

सार्वजनिक हितको लागि
साझाकुरा राष्ट्रिय दैनिक

## भोलिको पात्रो

भोलि वि.सं. २०८२ चैत १४ गते शनिबार २८ मार्च २०२६ । दशमी, चैत्र कृष्णपक्ष । चौल्लाथ्व ११४६ ने.सं. । सूर्योदय ६:१ सूर्यास्त ६:१९ ।

## आजको राशिफल

| | | | |
|---|---|---|---|
| मेष | : बादविवाद बढ्ने | तुला | : चिन्ता बढ्ने |
| वृष | : घरेलु काममा रुचि | वृश्चिक | : मान मर्यादामा वृद्धि |
| मिथुन | : प्रयासहरु फलदायी हुने | धनु | : लेनदेनको विवाद बढ्ने |
| कर्कट | : कुरा काट्नेहरु सक्रियता | मकर | : स्वास्थ्यमा सुधार हुने |
| सिंह | : बौद्धिक कार्यबाट प्रशंसा मिल्ने | कुम्भ | : अध्ययनमा प्रगति हुने |
| कन्या | : अरुको विश्वास जित्न सकिने | मीन | : रोग एवम् चिन्ता बढ्ने |

# नयाँ सरकार अघिल्तिर कर्मचारीतन्त्रको तगारो



✍ कृष्णप्रसाद पौडेल

**बदलिएको परिवेशमा नयाँ ढंगले राजनीतिलाई परिभाषित र परिमार्जन गर्दै समृद्धिको यात्रामा अघि बढ्नुको विकल्प छैन । आफू नफेरिने अनि समाज र देश फेरिएन भनेर रोइलो गर्नु बकवास मात्र हो ।**

यस पटकको प्रतिनिधिसभा सदस्य निर्वाचनमा राष्ट्रिय स्वतन्त्र पार्टीको पक्षमा अभूतपूर्व जनलहर देखियो । २७५ सिटका लागि भएको निर्वाचनमा रास्वपाका १८२ उम्मेदवार विजयी भए । घण्टी (रास्वपाको चुनाव चिह्न) मा भोटको जनलहर नेपाली राजनीतिको इतिहासमा कुनै अपवाद भने होइन, यद्यपि यसपटक फरक अपेक्षाहरूका साथ धेरैले एकै चिह्नमा मत दिएका हुन् ।

हुनत विगत सात दशकमा यस्ता लहर पटक-पटक आएका घटनाहरू हाम्रो स्मृतिमा अझै ताजा छन् । यसपटक मतदाताहरूले रास्वपाको झोलामा धेरै मत दिए किनभने उनीहरू पुरानो दलका अकर्मण्यताका विरुद्ध नवयुवाले गरेको विद्रोहलाई निष्कर्षमा पुगेको देख्न चाहन्थे । राजनीति गर्ने राजनेताबाट समाजले सधैं अगुवाइको आश गर्छ । त्यसो नगर्नेलाई आवधिक निर्वाचनमा हराउँछ । यो लोकतन्त्रको सामान्य नियम हो । यो नियम समेत पालना नभएको देखेर आक्रोशित भएको नवयुवाले विद्रोहको पहिलो बिगुल फुक्यो । निर्वाचनमा यही साझा आक्रोशमा आशा थपेर दिएको मतले यो परिणाम आयो ।

अब दुईतिहाइ नजिकको सरकारले के गर्ला ? सबैको चासो छ । हाम्रो समाज विविध छ । सोही अनुसारका अपेक्षा छन् । यी अपेक्षालाई सम्बोधन गर्न राजनीतिक संस्कृति र दक्ष कर्मचारीतन्त्र मुख्य शर्त हो । विगतका राजनैतिक तथा प्रशासनिक नेतृत्व जन्माउने र जोगाइराख्ने संस्कृति सम्झनलायक छैनन् । यसअघि भएका बेथिति, कुशासन, भ्रष्टाचार, ठगी र अनियमितताका थुप्रोमा बसेर सुशासनको रटान लगाउन त सकिन्छ, तर समाज फेरिँदैन । नेपाली राजनीतिक रङ्गमञ्चको मार्मिक यथार्थ यही हो ।

यो रङ्गमञ्च दशकौंदेखि मुख्यत: वंशीय तथा जहानियाँ शासनका प्रतिनिधि, भ्रष्टाचारको उर्वरतामा उदाउँदो मध्यम वर्ग, बिचौलिया र दलालहरूको कब्जामा छ । यी प्रतिनिधि पात्रको राजनैतिक संस्कृतिको चर्चा नगरी नेपालको राजनीति बुझ्न सकिँदैन । यो नबुझी यसलाई फेर्ने आँट गर्न कसरी सकिएला र ?

कुरा शुरु गरौं, बेथिति र भ्रष्टाचारलाई संस्थागत गर्ने राजनैतिक नेतृत्व जन्माउने संयन्त्रबाट । आजसम्मको नेपाली समाज अपवाद बाहेक आफ्नो मान्छे, चाकडी, भनसुन र चलखेलको चक्रव्यूहमा फसेको छ । यो संस्कृति नेपाली समाजको सबै तह र तप्कामा मौलाएको छ । सानो होस् वा ठूलो, थाहा पाउने गरी होस् वा लुकेर यो चक्रमा नफसेको विरलै भेटिन्छ । यो कुराबाट कोही अछुतो छैन । दलहरूमा समेत यही संस्कृतिको बोलवाला छ । फलस्वरूप, दलहरूले रैती, नेता, कार्यकर्ता उत्पादन गर्ने कारखाना चलाएका छन् । यस्तो संस्कृति भत्काएर सामाजिक नैतिकताको राजनीतिक संस्कृति निर्माण गर्नुपर्नेछ ।

दल मात्र हैन, गुट फेर्ने दौड तीव्र छ । सबैलाई हेक्का रहोस्, गुट-उपगुटका ह्याकुलाले पेलेर समाजको नेतृत्व गर्ने दल बन्दैन, बरु आ-आफ्नै बेसुरमा हराएको रमितेको जमात बन्छ । यो कुरा अब नयाँ दल र नेताले मात्र हैन कार्यकर्ताले ख्याल गर्न जरूरी छ, किनकि गुटका मतियारको आरोप नेताहरूले हैन कार्यकर्ताले खेप्ने गरेका छन् । तसर्थ समय छँदै यो आरोपबाट मुक्त हुँदै आ-आफ्ना दलभित्र लोकतन्त्रको बीउ रोप्न नसक्ने हो भने नयाँ दलहरूले बाँडेको समृद्धिको सपना तुहिनेछ ।

अहिले राजनीतिको मियोमा मध्यम वर्ग हावी छ । यही वर्गको वृत्ति-विकास मात्र गरेर उन्नतिका सरदर मापक त फेरिएलान् तर आम मानिसको जीवन फेरिँदैन । यो सबै समाजमा छर्लङ्ग देखिएको छ । बिचौलिया मध्यम वर्ग सत्ताको गहना हो । यो छेपारो जस्तै रङ फेरिरहन्छ । यो मुख्यत: नेपालको राजनीतिले मलजल गरेर हुर्काएको सत्ताधारी बौद्धिक वर्ग हो जुन राजनैतिक चाकडीमा लिप्त भइरहन्छ । यो सुदखोर राजनैतिक गुट बनाउन सधैं सक्रिय भइरहन्छ । यो भ्रष्ट कर्मचारीतन्त्रको तालमेलमा अपवित्र क्रियाकलापमा मात्र संलग्न हुन्छ ।

पारिश्रमिकले घरबार चलाउनसम्म नसक्ने कनिष्ठ कर्मचारीलाई ढाल बनाएर भ्रष्टाचारमा लिप्त कर्मचारीतन्त्रका मुखिया राजनीतिलाई भ्रष्ट बनाउने र यसैबाट फाइदा उठाउने काइदाका सूत्रधार हुन् । यो मुखिया संस्कृति जोगाउने कर्मचारीतन्त्रको पुनर्संरचना गर्न राजनैतिक नेतृत्वले विगतमा खुट्टा कमाएर नै अहिलेको बेथिति मौलाएको हो । यही कमजोरीको जगमा टेकेर कर्मचारीतन्त्र आफ्नो भाग खोज्दै राजनीतिक नेतृत्वलाई धक्याउने गरेको छ ।

भुक्तभोगी भन्छन्- निरंकुश राजनैतिक व्यवस्था परिवर्तन गरियो तर राणाहरूले रोपेको र सामन्तहरूले हुर्काएको निजामती नामको विषवृक्ष जरैदेखि उखेलेर फाल्न सकिएन । यो नै अहिले हाम्रो समृद्ध हुने सपनाको सबैभन्दा ठूलो तगारो हो । अबको समृद्धिको यात्रा सिंहदरबार दक्षिणढोका नजिक रहेको निजामती कर्मचारी ट्रेड युनियनको कार्यालय बन्द गर्न सके मात्र शुरु हुन्छ, हैन भने यो भाषणमा मात्र सीमित रहन्छ ।

नीति भएन भने समाजमा थिति बस्दैन र सामाजिक सम्बन्ध खल्बलिन्छ । यही थिति बसाउन राजनीतिक नेतृत्वलाई सघाउनुपर्ने कर्मचारीतन्त्र आफ्नै स्वार्थको घेराबन्दीमा परेर तमासे भएको छ । यही कारण हामी नेपालीको उन्नत हुने सपना दशकौंदेखि तुहिंदै आएको हो । यसबारे मुख खोलेर बोल्न कोही आँट गर्दैनन् । यसमा मुख्य जवाफदेही लिनुपर्ने राजनीतिको शीर्ष नेतृत्व यसबारेमा चुँसम्म बोल्दैन किनकि थिति बसे अहिलेसम्म बेथितिको धमिलो पानीमा स्वार्थका माछा मारेर गुजारा चलाएर बनाएको शीर्ष विरासत गर्ल्यामगुर्लुम ढल्छ भन्ने डर छ । यो डर अबको नेतृत्वमा हुँदैन भन्ने स्पष्ट सन्देश अहिलेको सरकारले पहिलो दिनदेखि नै दिन सक्नुपर्छ । नत्र रात रहे अग्राख पलाउँछ भन्ने देखे-भोगेर आएको नेपाली समाजको उत्साह मर्छ ।

यो उत्साह जगाइराख्ने काम जनप्रतिनिधिको हो । आजसम्म हाम्रो देशको विडम्बना के छ भने, विधि बनाउने मुख्य कर्ता सांसदहरू सबैभन्दा बढी उपेक्षित छन् । यिनले औपचारिकताका लागि ऐन कानूनमा स्वीकृतिको मुन्टो हल्लाउँछन् र यत्तिका भरमा नीतिनिर्माण गर्ने सांसदको फुली लगाउँछन् । यिनलाई निकम्मा बनाउने खलनायक कर्मचारीतन्त्रको नेतृत्व बन्ने गरेको छ । यो समूह या त आफैं या अरूको इशारामा अर्कैको कमाई खान पल्केको बिचौलियाबाट निर्देशित छ । अहिले यसको नेतृत्व सधैं आफूलाई मात्र केन्द्रमा राख्ने दलाल मध्यमवर्गीय राजनैतिक नेतृत्व र पश्चिमी ज्ञानशालामा दीक्षित बौद्धिक बिचौलियाको गठजोडले गर्छ । माथिका कुरा सुन्दा आरोप जस्तो लागे पनि हाम्रो समाजको आजको तितो यथार्थ यही हो । तर यस्तै कारणले सम्भावित दुर्घटनाबाट जोगिन र जोगाउन सार्थक पहल आवश्यक छ । मुख्यत: दलहरूको आन्तरिक गुटतन्त्र, राजनीतिक तथा प्रशासनिक नेतृत्वको लुटतन्त्र र नागरिक समाजको निरीहपन नफेरी यो मुलुक फेरिँदैन ।

बदलिएको परिवेशमा नयाँ ढंगले राजनीतिलाई परिभाषित र परिमार्जन गर्दै समृद्धिको यात्रामा अघि बढ्नुको विकल्प छैन । आफू, समाज र देश बनाउने हो भने अब फेरिने पालो हामी सबैको हो । आफू नफेरिने अनि समाज र देश फेरिएन भनेर रोइलो गर्नु बकवास मात्र हो । थिति बसाल्न र नीतिगत भ्रष्टाचार रोक्न निम्न कदम तत्काल चालिनुपर्छ:

पहिलो, अहिलेकै व्यवस्थामा राजनैतिक पार्टीभित्र लोकतन्त्र बलियो नभएसम्म लोकराजको कल्पना सोम शर्माको सातु जस्तै हो । अरूलाई औंला ठड्याउनेले बेला-बेला आफ्नो औकात ऐनामा हेर्न सक्नुपर्छ । गुटतन्त्र अहिलेका सबै पार्टीको क्यान्सर हो । यसको अन्त्य गरेर नागरिक प्रतिनिधिको समूह दल र यसको प्रतिनिधि नेता हो भन्ने दृष्टिकोणको आधारमा दल चलाउनुपर्छ । यो गर्न चुकेका दिन सबै भ्रमको विरासत ढल्छ ।

दोस्रो, स्थायी सरकार भनिने कर्मचारीतन्त्रको पुनर्संरचना विना यसले आजको समाजलाई सेवा दिन सक्दैन । दल र नेताको चाकरीमा रमाएको कर्मचारीतन्त्रको नेतृत्व नै विगतका सबै सामाजिक अपराधको मूल हो । यसले विवेक गुमाएसँगै शुरु भएको बेथितिको यात्रा नै आजको संकट हो । यसलाई निकम्मा बनाउन उपयोग गरिएका सबै पुराना संयन्त्र खारेज गरिनुपर्छ । नयाँ परिवेशमा यसको पुनर्संरचना गर्न नसके चुस्त र दुरुस्त सेवा हवाई कल्पना सावित हुन्छ ।

तेस्रो, नीति निर्माणमा स्वार्थ समूहको प्रभाव पार्ने कदमलाई कानूनी रूपमै निरुत्साहित गर्नुपर्छ । तर, यो अहिले निकै चुनौतीपूर्ण छ किनभने समाजको नेतृत्वमा रहेको मध्यम वर्गले अनुशासित उद्यमी बन्ने चेतना उन्नत नबनाएसम्म बिचौलिया चलखेल रोकिँदैन । दलाल सम्पत्तिको प्राविधिक पारदर्शितासँगै नैतिक नेतृत्व विकास गर्ने दलका विधि-विधानमा सँगसँगै जोड दिनुपर्छ । यो कार्य सांसदहरूको सामाजिक कार्यकारी भूमिकालाई प्रभावकारी बनाउन सकेमात्र सम्भव हुन्छ । विधि बनाउने थलो संसद्लाई चुस्त बनाएर जन-प्रतिनिधिलाई उत्तरदायी बनाउनुपर्छ ।

नेपालको समृद्धि यात्रा सफल बनाउन यो पत्र हुँदै गएको संयन्त्रलाई नफेरी सुखै छैन । नागरिकले तिरेको करको सदुपयोग होस् र कर्मचारीहरू साँचो अर्थमा राष्ट्रसेवक बनुन् । हामी यस्तो दिनको प्रतीक्षामा छौं । यो त्यतिबेला मात्र सम्भव छ जतिबेला राज्य संचालनका अगुवा राजनीतिक दल र तिनका नेता अब्बल दर्जाका नागरिक हुन्छन् । अन्त्यमा, नेपालको समृद्धि यात्राको गाडी तब मात्र गुड्नेछ, जब यसको इञ्जिन अर्थात् प्रशासन चुस्त र दुरुस्त हुनेछ र अनुभवी चालक अनुशासित र दृढ हुन्छन् । यो सबै सच्याउने हामी सबैको मति सच्चिए मात्र हाम्रो उन्नति यात्रा शुरु हुन्छ । पर्खौं, यो दिन चाँडै आउनेछ ।

*(साभार: अनलाइनखबर)*

# खाडी संकटले निम्त्याएको राष्ट्रिय एकताको खाँचो

✍ आनन्दप्रसाद पोखरेल

**यदि खाडी क्षेत्रमा युद्ध चर्कियो भने यसको असर नेपालमा मात्र होइन, क्रमश: नेपालीलाई रोजगारी दिने मुलुक मलेसिया, इजरायल र खाडी मुलुकले पूर्ववत् अवस्थामै रोजगारी उपलब्ध गराउन सक्ने छैनन्।**

विश्व फेरि एकपटक शक्ति सैर्षको भुमरीमा तानिएको छ । संयुक्त राज्य अमेरिका र इरानबिच चर्किँदै गएको तनाव केवल क्षेत्रीय द्वन्द्वको सङ्केत मात्र होइनह यसले विश्व शान्ति, ऊर्जा आपूर्ति, अन्तर्राष्ट्रिय व्यापार र राजनीतिक सन्तुलनलाई नै अस्थिर बनाउने गम्भीर सङ्केत दिएको छ । यो द्वन्द्वलाई सतही रूपमा हेर्दा सामान्य शक्ति सैर्ष जस्तो देखिए पनि यसको गहिराइमा विश्व प्रभुत्वको प्रतिस्पर्धा, ऊर्जा स्रोतमा नियन्त्रण, हतियारको बजार र आर्थिक वर्चस्वको लडाइँ लुकेको छ । प्यालेस्टाइनबाट सुरु भएको युद्ध इरानसम्म फैलिन पुगेको छ । भोलि यो कहाँसम्म फैलिने हो, अनिश्चित छ । युद्धले इतिहासमा कहिल्यै स्थायी विजेता जन्माएको छैन । यसले केवल मानवता, शान्ति र सभ्यतालाई हराएको छ ।

तर यो आलेख विश्व युद्धको चर्चामा केन्द्रित छैन । नेपालमा यसको प्रभाव के-कसरी पर्छ भन्नेमा आलेख केन्द्रित छ । वैश्विक संकटले नेपाललाई कति गहिरो असर पार्न सक्छ र त्यसबाट बच्न हामीले के गर्नुपर्छ भन्ने महत्त्वपूर्ण प्रश्न हो । किनभने युद्ध सुरु भएको केही दिनमै नेपालमा यसको नकारात्मक प्रभाव देखिन थालेको छ । अब ढिला गर्नु भनेको जोखिमलाई निम्त्याउनु हो । त्यसैले आन्तरिक तयारी तत्काल सुरु गर्नु अपरिहार्य छ । यसको पहिलो आधार राष्ट्रिय एकता हो ।

सबैभन्दा कठिन तर यथार्थ प्रश्न यही हो- के नेपाल यस्तो वैश्विक झट्का सहन सक्षम छ ? उत्तर सन्तोषजनक छैन । नेपाल अझै आत्मनिर्भर छैन, हाम्रो तयारी अधुरो छ र दीर्घकालीन राष्ट्रिय दृष्टि स्पष्ट छैन । खाडी संकटले अब यही कमजोरीलाई उदाङ्ग्याइदिन सक्छ । यदि हामीले समयमै यसलाई सम्बोधन गर्न सकेनौं भने हामी गम्भीर आर्थिक, सामाजिक र राजनीतिक कुचक्रमा फस्नेछौं । हामी लामो समयदेखि एउटा भ्रममा बाँचेका छौं- बाह्य संकट आउँछ र समयसँगै समाधान हुन्छ । तर खाडी संकटले देखाउँदै छ कि समस्या बाहिर होइन, हामीभित्र छ । दशकौंदेखि रेमिट्यान्समा टिकेको अर्थतन्त्र, आयातमा आधारित उपभोग र उत्पादन क्षेत्रको उपेक्षाले नेपाललाई अत्यन्त कमजोर बनाएको छ । साउदी अरेबिया, कतार र यूएई लगायतका देशहरूमा पसिना बगाउने नेपाली श्रमिकहरूले पठाएको पैसाले देश चलेको यथार्थ हो । तर ती आधार नै हल्लिए भने त्यो केवल आर्थिक संकट मात्र हुनेछैन, हाम्रो सिङ्गो अर्थतन्त्रलाई नै धराशयी बनाइदिने निश्चित छ ।

यदि खाडी क्षेत्रमा युद्ध चर्कियो भने यसको असर नेपालमा मात्र होइन, क्रमश: नेपालीलाई रोजगारी दिने मुलुक मलेसिया, इजरायल र खाडी मुलुकले पूर्ववत् अवस्थामै रोजगारी उपलब्ध गराउन सक्ने छैनन् । यसले सिङ्गो युरोपलाई पनि त्यति नै प्रभावित पार्दै छ । यससँगै वैदेशिक रेमिट्यान्समा टिकेको हाम्रो अर्थतन्त्रमा ठूलो संकट आएर बज्रिनेछ । त्यसैले त्यसअगावै हामीले के गर्ने हो भनी विचार गर्नुपर्ने हुन्छ । सुरुमा यसबाट इन्धन अभाव र मूल्यवृद्धिले जनजीवन थिचिनेछ । बजारमा अस्थिरता बढ्नेछ र वैदेशिक रोजगारीमा त्रास फैलिनेछ । त्यसपछि रेमिट्यान्स घट्ने, श्रमिकहरू स्वदेश फर्किने र उद्योग उत्पादन खस्किने क्रम सुरु हुनेछ । अन्तत: यही अवस्था आर्थिक मन्दी, स्थायी बेरोजगारी र सामाजिक असन्तोषमा परिणत हुन सक्छ । यो कुनै अतिरञ्जित विश्लेषण होइन, यो हाम्रो संरचनात्मक कमजोरीको स्वाभाविक परिणाम हुनेछ ।

यस्तो अवस्थामा राजनीतिक नेतृत्वको भूमिका निर्णायक हुन्छ । संकटले सधैँ नेतृत्वको वास्तविकता देखाउँछ । तर विगतले देखाएको छ- निर्णयमा ढिलाइ, नीतिगत अस्थिरता र भ्रष्टाचारले हाम्रो शासन प्रणालीलाई कमजोर बनाएको छ । यदि यही प्रवृत्ति कायम रह्यो भने खाडी संकटले नेपाललाई बाह्य झट्काभन्दा बढी आन्तरिक विघटनतर्फ धकेल्नेछ । अब प्रश्न स्पष्ट छ- के हाम्रो नेतृत्व समाधानको हिस्सा बन्छ कि समस्याकै हिस्सा रहन्छ?

अर्थतन्त्रको सन्दर्भमा पनि दृष्टिकोण बदल्नैपर्छ । संकट व्यवस्थापन भनेको केवल राहत वितरण होइन । यो अर्थतन्त्र पुनर्संरचना गर्ने ऐतिहासिक अवसर हो । उत्पादनलाई प्राथमिकता दिने, आयातमा संयम अपनाउने, साना तथा मझौला उद्योगलाई संरक्षण गर्ने र आन्तरिक लगानीलाई प्रोत्साहन गर्ने स्पष्ट नीतिबिना दीर्घकालीन समाधान सम्भव छैन । रेमिट्यान्समा आधारित मोडेल अब दीर्घकालीन रूपमा टिक्न सक्दैन भन्ने यथार्थ स्वीकार्नैपर्छ । यसैबिच, वैदेशिक रोजगारीबाट फर्किने श्रमिकहरूलाई बोझका रूपमा होइन, सम्भावनाका रूपमा हेर्नुपर्ने समय आएको छ ।

उनीहरूको सीप, अनुभव र श्रमशक्तिलाई सही ढङ्गले उपयोग गर्न सकियो भने यही जनशक्ति नेपालको पुनर्निर्माणको आधार बन्न सक्छ । कृषि, निर्माण र प्रविधि क्षेत्रमा नयाँ ऊर्जा ल्याउने क्षमता यही वर्गमा निहित छ । नेपालमा कृषि क्रान्तिको नयाँ अवसर पनि सिर्जना हुन सक्छ । खाडी संकटले अर्को गहिरो सत्य पनि उजागर गर्छ । ऊर्जा र खाद्यमा निर्भरता राष्ट्रका लागि गम्भीर जोखिम हो । जलविद्युत्को अधिकतम उपयोग, विद्युतीय सवारीको विस्तार र कृषि उत्पादनमा आत्मनिर्भरता अब केवल विकासका एजेन्डा होइनन्ह यी राष्ट्रको सुरक्षासँग जोडिएका अनिवार्य प्राथमिकता हुन् । यसबाट नेपाललाई स्वाधीन र आत्मनिर्भरताको बाटोतर्फ लैजान सकिन्छ । विदेश नीतिमा पनि नेपालले सन्तुलन र स्वाभिमान कायम राख्नुपर्छ । कुनै शक्ति ब्लकमा झुक्ने होइन, राष्ट्रिय हितलाई केन्द्रमा राखेर सन्तुलित कूटनीति अपनाउनु आजको आवश्यकता हो । असंलग्नता र तटस्थताको असल छिमेक नीति कायम राख्दै 'पराई कोही छैन, सबै मित्र' भन्ने मान्यता स्थापित गरी विकास र आर्थिक कूटनीतिक सम्बन्ध बलियो बनाउनुपर्छ ।

संकटको समयमा सूचना व्यवस्थापन पनि उत्तिकै महत्त्वपूर्ण हुन्छ । अफवाह, भ्रम र डरले समाजलाई कमजोर बनाउँछ । त्यसैले तथ्यमा आधारित सूचना प्रवाह, जिम्मेवार सञ्चार र सामाजिक विश्वासको संरक्षण अनिवार्य छ । अन्तत: सबैभन्दा ठूलो शक्ति राष्ट्रिय एकता नै हो । इतिहासले देखाएको छ- नेपाल एकताबद्ध हुँदा कुनै पनि संकटले यसलाई झुकाउन सकेको छैन । तर आजको चुनौती फरक छ । यो बाह्य आक्रमण मात्र होइन, हाम्रो आन्तरिक कमजोरीको परीक्षा पनि हो । त्यसैले दलगत स्वार्थभन्दा माथि उठेर राष्ट्रिय सहमति, साझा दृष्टि र सहकार्यको भावना आजको अपरिहार्य आवश्यकता हो ।

खाडी संकट नेपालका लागि चेतावनी, परीक्षा र अवसर हो । चेतावनी- हाम्रो निर्भरता कति जोखिमपूर्ण छ भन्नेह परीक्षा- हाम्रो नेतृत्व कति सक्षम छ भन्ने र अवसर- हाम्रो विकासको दिशा सुधार गर्ने । अबको समय यथास्थितिमा अड्किने होइन, साहसी निर्णय गर्ने हो । इतिहासले अवसर दिन्छ, तर सधैँ कुर्दैन । यदि हामीले अहिले पनि स्पष्ट नीति, जिम्मेवार नेतृत्व रराष्ट्रिय एकतालाई सुदृढ बनाउन सकेनौं भने खाडी संकट केवल बाह्य घटना रहने छैन, यो नेपालको आन्तरिक संकट बन्नेछ । तर हामी एकताबद्ध भयौँ, दूरदर्शी सोच राख्यौँ र सही निर्णय लिन सक्यौँ भने यही संकट आत्मनिर्भर, सशक्त र नयाँ नेपालको आधार बन्न सक्छ ।

(साभार: न्यूज अफ नेपाल)

# बर्डफ्लुले पोल्ट्री व्यवसाय संकटतिर, ६५ हजार कुखुरा नष्ट

काठमाडौं/नेपालमा फेरि एक पटक 'बर्डफ्लु' (एभियन इन्फ्लुएन्जा) ले जनस्वास्थ्य र पोल्ट्री व्यवसायमा गम्भीर संकट निम्त्याएको छ । सुरुमा कोशी प्रदेशका मोरङ, सुनसरी र झापामा फैलिएको बर्डफ्लु (एच५एन१) संक्रमण अहिले चितवनमा पनि देखापरेको पशुसेवा विभागले जानकारी दिएको छ । पछिल्ला दिनमा ब्रोइलर र लेयर्स कुखुरा मर्ने क्रम बढेसँगै किसानहरू परीक्षणका लागि दैनिक मरेका कुखुरा लिएर प्रयोगशाला पुग्ने गरेका छन् ।



**कहाँ-कहाँ फैलियो संक्रमण ?**

पशुपन्छी रोग अन्वेषण प्रयोगशाला विराटनगरका अनुसार मोरङ र सुनसरीका ५-५ तथा झापाको १ गरी जम्मा ११ स्थानका कुखुरा फार्ममा बर्डफ्लु पुष्टि भएको छ । विराटनगरमा शंकास्पद देखिएका नमुनालाई अन्तिम पुष्टिका लागि काठमाडौंस्थित केन्द्रीय पशुपन्छी रोग अन्वेषण प्रयोगशाला पठाउने गरिएको छ । भेटेरिनरी अस्पताल तथा पशु सेवा विज्ञ केन्द्र मोरङका प्रमुख डा. अजयकुमार साहका अनुसार मोरङका ५ फार्ममा संक्रमण देखिएको छ ।

जसमा विराटनगर-४ को दाहाल कृषि फार्म, सुन्दरहरैंचा-४ को हलेसी महादेव कृषि फार्म, उर्लाबारी-८ को अठियावारी कृषि फार्म, कटहरी-२ को एटुजेड पोल्ट्री र कटहरी-६ को कामाख्या पोल्ट्री फार्म छन् । विराटनगरको दाहाल फार्ममा रहेका ६ हजार लेयर्स कुखुरामध्ये ३ हजार आफैं मरेका थिए भने बाँकी ३ हजारलाई बर्डफ्लु पुष्टि भएपछि नष्ट गरिएको छ ।

यसैगरी सुनसरी इटहरी उपमहानगरपालिकास्थित ओको, लक्ष्मी, रानी र आलम कृषि फार्मका साथै गढी गाउँपालिका-५ को संगीत कृषि फार्ममा पनि बर्डफ्लु भेटिएको छ । सबैभन्दा बढी इटहरी-१९ स्थित ओको फार्मका कुखुरा नष्ट गरिएको छ । यस्तै झापाको दमक नगरपालिका-१० स्थित दमक एग्रिकल्चरमा बर्डफ्लु पुष्टि भएको छ । पशु सेवा विभागका वरिष्ठ पशु चिकित्सक डा. मुकुल उपाध्यायका अनुसार चितवनमा पनि बर्डफ्लु पुष्टि भएको छ । तर, विभागले चितवनमा कुन ठाउँमा बर्डफ्लु पुष्टि भएको हो भन्ने खुलाएको छैन ।

'अनावश्यक त्रास नफैलियोस् र नियन्त्रणको काममा असर नपुगोस् भनेर तत्कालका लागि स्थान गोप्य राखिएको छ,' डा. उपाध्यायले संचारकर्मीसँग भने, 'प्रमुख जिल्ला अधिकारीको कार्यालयसँग समन्वय गरेर आजै त्यहाँ संक्रमित पन्छी नष्ट गर्ने काम हुन्छ ।'

**काठमाडौंमा व्यावसायिक फार्म सुरक्षित, जंगली काग संक्रमित**

काठमाडौंमा बर्डफ्लु देखिए पनि यो व्यावसायिक कुखुरामा नभई जंगली पन्छीमा मात्र सीमित छ । कीर्तिपुरस्थित त्रिभुवन विश्वविद्यालयको जंगल परिसरमा ठूलो संख्यामा कागहरू मृत फेला परेपछि केन्द्रीय पशुपन्छी रोग अन्वेषण प्रयोगशालामा परीक्षण गरिएको थियो । मोलिक्युलर विधिबाट गरिएको परीक्षणले ती कागमा बर्डफ्लु भएको पुष्टि गरेपछि पशु सेवा विभागले कीर्तिपुर नगरपालिकालाई सुरक्षित तवरले मृत कागको व्यवस्थापन गर्न र त्यस क्षेत्रमा निःसंक्रमण गर्न निर्देशन दिएको छ ।

डा. उपाध्यायका अनुसार कीर्तिपुरस्थित त्रिवि जंगल क्षेत्रमा १ सयभन्दा बढी काग मरेका छन् । 'हामीले जिउँदो कागलाई मार्ने काम गरेका छैनौं, तर मरेका करिब ६० देखि १ सयभन्दा बढी काग खाल्डो खनेर सुरक्षित गाड्ने काम गरिरहेका छौं,' उनले भने, 'सिनो खाने र हुलमा बस्ने कागको स्वभावका कारण एउटाबाट अर्कोमा रोग छिटो सरेको हो ।' तर, काठमाडौं उपत्यकाभित्र पालिएका ब्रोइलर र लेयर्स कुखुरामा भने हालसम्म कुनै संक्रमण नदेखिए पनि विभागले कडा निगरानी (सर्भिलेन्स) जारी राखेको उनले दाबी गरेका छन् ।

**नियन्त्रण प्रयास र उच्च सतर्कता**

संक्रमण नियन्त्रण गर्न पुष्टि भएका क्षेत्रमा हालसम्म करिब ६५ हजार कुखुरा नष्ट गरिसकिएको डा. उपाध्यायले बताए । प्रमुख जिल्ला अधिकारी (सीडीओ) को नेतृत्वमा स्थानीय तह, प्रदेश र संघीय सरकारको समन्वयमा चार किल्ला तोकेर संक्रमित पन्छी तथा पदार्थ नष्ट गर्ने काम भइरहेको छ । चितवनमा पनि सीडीओ कार्यालयको समन्वयमा संक्रमित कुखुरा नष्ट गर्ने कार्य अघि बढिसकेको विभागले जनाएको छ । अन्य जिल्लामा रोग नफैलियोस् भनेर विभागले उच्च सतर्कता अपनाउँदै संक्रमित क्षेत्रबाट पन्छी ओसारपसारमा पूर्ण रोक लगाएको छ ।

संक्रमण जोखिम ध्यानमा राख्दै कीर्तिपुर नगरपालिकाले प्रभावित क्षेत्रबाट अन्डा, मासु, दाना र अन्य पन्छीजन्य सामग्री ओसारपसारमा पूर्ण रोक लगाएको छ । 'हामीले पोल्ट्री व्यवसायी, ह्याचरी, मासु र अन्डा उत्पादक संघसंस्थाहरूसँग छलफल गरेर सचेत गराएका छौं,' डा. उपाध्यायले भने, 'डाक्टरहरूलाई पनि संक्रमित क्षेत्रबाट भेटेरिनरी प्रमाणपत्र जारी नगर्न काउन्सिल मार्फत निर्देशन दिइसकेका छौं ।' प्रहरी प्रशासन र सुरक्षा निकायको सहयोगमा अवैध ओसारपसारमा बन्देज लगाइएको छ भने देशभरिका क्वारेन्टिन चेकपोस्ट अलर्ट अवस्थामा राखिएको उनको भनाइ छ ।

**किसानलाई "बायोसेक्युरिटी" अपनाउन विभागको अपिल**

पशु सेवा विभागले व्यवसायी र किसानहरूलाई नआत्तिन, तर आफ्नो फार्ममा उच्च 'बायोसेक्युरिटी' (जैविक सुरक्षा) अपनाउन आग्रह गरेको छ । संक्रमण थप फैलिन नदिन र पन्छी फार्महरूलाई सुरक्षित राख्न सबैभन्दा पहिले फार्मभित्र अनावश्यक व्यक्ति र सवारीसाधन प्रवेशमा पूर्ण रोक लगाउन विभागले आग्रह गरेको छ । यदि फार्म परिसरमा प्रवेश गराउनैपर्ने अवस्था आए अनिवार्य रूपमा निःसंक्रमण (डिसइन्फेक्सन) गरेरमात्र प्रवेश गराउनुपर्ने विभागको निर्देशन छ ।

संक्रमण एक फार्मबाट अर्को फार्ममा सर्न सक्ने जोखिम मध्यनजर गर्दै विभागले एक फार्ममा काम गर्ने व्यक्ति अर्को फार्ममा नजान र कामदारहरूको आउजाउमा विशेष सतर्कता अपनाउन भनेको छ । फार्म वा खोरको प्रवेशद्वारमा अनिवार्य रूपमा चुना लगायत निःसंक्रामक औषधि राखिएको 'फुटबाथ' व्यवस्था गर्नुपर्ने छ ।

फार्मभित्र प्रवेश गर्दा प्रत्येक पटक फुटबाथमा टेकेर वा स्प्रे गरेरमात्र जानुपर्ने र खोरभित्र काम गर्दा छुट्टै बुट र एप्रोन प्रयोग गर्नुपर्ने छ । खोरभित्र र बाहिर दैनिक निःसंक्रमण गर्नुका साथै फार्म परिसरमा कुकुर, बिरालो र मुसाजस्ता अन्य पशुपन्छी प्रवेश गर्न नसक्ने गरी सुरक्षित बारबन्देज गर्नसमेत विभागले सुझाव दिएको छ । व्यावसायिक पक्ष मध्यनजर गर्दै विभागले प्रयोग भइसकेका अन्डा राख्ने कागजको क्रेट (ट्रे) पुनः प्रयोग नगर्न सचेत गराएको छ ।

पन्छी तथा पन्छीजन्य उत्पादन ओसारपसार गर्दा अनिवार्य सम्बन्धित निकायबाट भेटेरिनरी प्रमाणपत्र लिएरमात्र गर्नुपर्ने कानुनी व्यवस्था कडाइसाथ पालना गर्न भनिएको छ । पन्छी फार्ममा काम गर्ने व्यक्तिले व्यक्तिगत सुरक्षाका उपाय अवलम्बन गर्ने, नियमित साबुनपानीले हातखुट्टा धुने र स्वास्थ्यमा कुनै समस्या देखिए ढिला नगरी नजिकैको स्वास्थ्य संस्थामा सम्पर्क गर्न अपिल गरिएको छ ।

यदि फार्ममा पन्छी बिरामी परे वा मरे त्यसलाई जथाभाबी नफालेर यथाशक्य छिटो सुरक्षित तवरले खाल्डोमा गाड्न र त्यसको जानकारी तुरुन्त नजिकैको पशु सेवा निकायमा दिन विभागले आग्रह गरेको छ । अकस्मात धेरै संख्यामा पन्छी बिरामी परे वा मरे त्यसलाई लुकाउनुको सट्टा तुरुन्त सरकारी निकायमा खबर गरेर संक्रमण नियन्त्रणमा सहयोग गर्न विभागले सम्पूर्णमा अनुरोध गरेको छ ।

**भारतमा पनि बर्डफ्लु, नेपाल-भारत सीमामा "हाई अलर्ट"**

छिमेकी राष्ट्र भारतका विभिन्न राज्यमा पनि यो भाइरस तीव्र रूपमा फैलिएको छ । भारतीय सञ्चारमाध्यमहरूका अनुसार मार्च महिनामा मात्रै छत्तीसगढ, महाराष्ट्र, केरला लगायत राज्यमा बर्डफ्लु पुष्टि भएपछि धमाधम कुखुरा र अन्डा नष्ट गर्ने काम भइरहेको छ ।

छत्तीसगढ बिलासपुरको एक सरकारी फार्ममा ४ हजारभन्दा बढी कुखुरा मरेपछि त्यहाँका करिब २२ हजार ८ सय कुखुरा, २५ हजार अन्डा र ७९ क्विन्टल दाना नष्ट गरिएको छ । संक्रमण फैलन नदिन प्रभावित क्षेत्रमा २१ दिनसम्म कुखुरा बिक्री-वितरणमा पूर्ण प्रतिबन्ध लगाइएको छ ।

महाराष्ट्र नागपुरस्थित सरकारी ह्याचरीमा भाइरस पुष्टि भएपछि १ हजार कुखुरा र १४ हजार अन्डा नष्ट गरिएको छ । यस्तै केरलाको कोझिकोड र अलप्पुझामा संक्रमण देखिएपछि २० हजार पन्छी मार्न आदेश दिइएको छ । चेन्नईको एउटा पार्कमा पन्छीहरू मरेपछि पार्क नै बन्द गरिएको छ । नेपाल र भारत दुवैतर्फ संक्रमण देखिएपछि उत्तर प्रदेश र बिहारसँग जोडिएका नेपालका सीमावर्ती नाकाहरूमा भारतीय प्रशासनले 'हाई अलर्ट' जारी गरेको भारतीय सञ्चारमाध्यमले लेखेका छन् ।

**मानिसमा निगरानी**

हालसम्म कुनै पनि मानिसमा यो भाइरस सरेको पुष्टि भएको छैन । बर्डफ्लू अर्थात् एभियन इन्फ्लुएन्जा (एच५एन१) भाइरसमा भइरहेको नयाँ उत्परिवर्तन (म्युटेसन) कोरोना भाइरसभन्दा पनि बढी घातक हुन सक्ने वैज्ञानिकहरूले चेतावनी दिएका छन् । विगतमा मुख्यतया पन्छीहरूमा मात्र सीमित रहेको यो रोग पछिल्लो समय स्वरूप परिवर्तन गर्दै मानिसमा समेत सर्न सक्ने क्षमता विकास गरिरहेको छ । सरुवा रोग विशेषज्ञ डा. शेरबहादुर पुनले बर्डफ्लु अत्यन्त घातक भाइरस भएकाले यसबाट बचन उच्च सतर्कता अपनाउनुपर्ने बताएका छन् । यद्यपि, राम्ररी पकाएको मासु र अन्डा खाँदा यो रोग नसर्ने भएकाले आमउपभोक्तालाई नअत्तालिन उनले सुझाव दिएका छन् ।

*(स्रोत: अनलाइनखबर)*

# बाँझो जग्गा उपयोगमा ल्याउन गढीमा २६ कृषक छनोट



साझाकुरा संवाददाता

हेटौंडा, १२ चैत/ मकवानपुरगढी गाउँपालिकाले चालु आर्थिक वर्ष २०८२/८३ को वार्षिक स्वीकृत कार्यक्रम अनुसार 'बाँझो जग्गा सदुपयोग कार्यक्रम'का लागि लाभग्राहीको अन्तिम सूची सार्वजनिक गरेको छ ।

गाउँपालिका कार्यालयले सूचना जारीगर्दै छनोट भएका कृषक, समूह र सहकारीलाई सम्झौताका लागि ३० दिनको समयसीमा दिएको छ । गाउँपालिकाको कृषि विकास शाखाप्रमुख गोपाल लम्सालका अनुसार कृषिउत्पादन बढाउने र बाँझो जमिनलाई उपयोगमा ल्याउने उद्देश्यले सञ्चालित कार्यक्रमका लागि विभिन्न २६ वटा व्यावसायिक फर्म, कृषक समूह, सहकारी र कृषक छनोटमा परेका छन् । सार्वजनिक गरेको विवरणअनुसार व्यक्तिगत कृषक १० जना छनोट भएका छन् ।

छनोट हुनेमा इन्द्रबहादुर गोले, बलराम विश्वकर्मा, सुमन लामा, गोविन्दप्रसाद बजगाईं, अर्जुनप्रसाद घिमिरे, रामशरण सापकोटा, शिव बहादुर पौडेल, मानबहादुर मुक्तान, सुजता मगर र रोनिस तिम्सिना रहेका छन् । त्यस्तै कृषि फर्म/कम्पनी ९ वटा छनोट भएका छन् । जसमा युवाजागरण, निखिता, कलश, म्याग्दो हिल, मकवानपुरगढी एकीकृत, जनमुखी बाख्रा, नमुना बहुउद्देश्यीय, कर्मशील र एसएण्डएस कृषि फार्म छनोट भएका छन् । त्यसैगरी कृषक समूह तथा सहकारी ७ वटा छनोटमा परेको छ । माथिल्लोछाप कृषक समूह, कुर्ले कृषि सहकारी, श्रमिक साना कृषि सहकारी, अदालत टोल विकास संस्था, मनकामना कृषक समूह, दलित विपन्न उत्थानशील सहकारी र पौवाडाँडा कृषक समूह रहेको छ ।

छनोट भएका लाभग्राहीले विभिन्न यन्त्र, उपकरण र पूर्वाधार सुधारका लागि अनुदान पाउनेछन् । प्राप्त निवेदन र स्वीकृत सूचीका आधारमा व्यक्तिगत तथा समूह गरी सबैभन्दा धेरै माग गह्रासुधार १० वटा, मिनि टिलर ७ वटा, साना सिँचाइ पाइप/पूर्वाधारः ५ वटा र भाडा शुल्क अनुदान ३ वटा फार्मले जग्गा भाडाका लागि अनुदान पाउने भएका छन् । अन्य यन्त्रतर्फ २ जनालाई यान्त्रिकीकरण, १ सहकारीलाई धान काट्ने रिपर र २ फार्मलाई वन्यजन्तुबाट खेती जोगाउन घेरावारका लागि छनोट गरिएको छ ।

छनोट भएका लाभग्राहीले सूचना प्रकाशित भएको मिति २०८२ फागुन २७ ले ३० दिनभित्र कृषि विकास शाखामा सम्पर्क गर्नुपर्नेछ । सम्झौताका लागि आवेदन फारम, नागरिकताको प्रतिलिपि, संस्था भए दर्ता र करचुक्ता प्रमाणपत्र, जग्गाधनी प्रमाणपूर्जा (वा ५ वर्षको भाडा सम्झौता) र सम्बन्धित वडा कार्यालयको सिफारिसपत्र अनिवार्य गरिएको छ । गाउँपालिका प्रमुख प्रशासकीय अधिकृत ई. सुधन लामिछानेले समयमै सम्झौता नगर्ने लाभग्राहीको हकमा कार्यक्रम कार्यान्वयन नहुने जानकारी दिए । पालिकाले कृषिक्षेत्रलाई समृद्धिको मूल आधारमध्ये एक मानेको छ । गाउँपालिका अध्यक्ष दोर्जे लामा स्याङ्तानले 'बाँझो जग्गा सदुपयोग कार्यक्रम' पालिकाको समृद्धिको मुख्यकडी भएकोले लगानी बढाउँदै लगिएको बताए ।

'हाम्रो मुख्य उद्देश्य मकवानपुरगढीभित्र एक इन्च जमिन पनि बाँझो रहन नदिने हो । कृषिमा आधुनिकीकरण र यान्त्रिकीकरण ामार्फत उत्पादन बढाएर पालिकालाई खाद्यान्नमा आत्मनिर्भर बनाउने हाम्रो संकल्प छ,' अध्यक्ष लामाले भने, 'यस कार्यक्रमले वैदेशिक रोजगारीमा जाने युवालाई आफ्नै गाउँमा कृषिउद्यमी बन्न उत्प्रेरित गर्ने विश्वास लिएका छौं । वास्तविक कृषकको हातमा अनुदान पुगोस् भन्नेमा हामी सचेत छौं ।'

# यातायात कार्यालयका अधिकृतसहित दुईजनाविरुद्ध भ्रष्टाचार मुद्दा

साझाकुरा संवाददाता

हेटौंडा, १२ चैत/ मकवानपुरको हेटौंडा उपमहानगरपालिका-११ थानाभर्याङस्थित यातायात व्यवस्था कर्यालयमा कार्यरत अधिकृत (छैटौं) अमृत भेटुवालसहित दुईजना विरुद्ध भ्रष्टाचार मुद्दा दायर भएको छ ।

अख्तियार दुरुपयोग अनुसन्धान आयोगका प्रवक्ता सुरेश न्यौपानेका अनुसार भेटुवाल र लेखापढी व्यवसायी (बिचौलिया) गर्ने भनिएका खगेन्द्र पौडेलसमेतको आपसी मिलेमतो तथा योजनामा सवारी सरुवा सहमति दिनका लागि सेवाग्राहीसँग घुस माग तथा बार्गेनिङ गरी गराइ ११ हजार पाँच सय रुपैयाँ घुसरकम लिन सहमति भएका थिए ।

उनीहरुको पूर्वयोजना तथा सहमतिबमोजिम घुसरकम लिएको स्थापित भएकोले भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ३ को उपदफा १ को देहाय (क) बमोजिम बिगो रकम ११ हजार पाँच सय रुपैयाँ कायम गरी कैद र जरिवाना सजाय हुन मागदाबी लिइ बिहीबार विशेष अदालत काठमाडौंमा आरोपपत्र दायर भएको आयोगले जनाएको छ ।

**ब्लु हेवन टेलर्स सरेको सूचना**

हेटौडा बुद्धचोक मेनरोडमा रहेर यहाँहरुको सेवामा लामो समयदेखि समर्पित यस ब्लु हेवन टेलर्स कान्तिराजपथस्थित शाक्य प्लाजा भवनमा सरेको सम्पूर्णमा जानकारी गराउँदछौं ।

**ब्लु हेवन टेलर्स्**
हेटौंडा-२, कान्तिराजपथ
९८४५०२२९८१




**के तपाई फोटो कपी प्रिन्टर मेसिन किन्दै हुनुहुन्छ ?**

Brother, Canon, HP, Sharp Ricoh, Epson, Kyocera, Lexmark

टोनर रिफिलिङ, प्रिन्टर, कम्प्युटर, फोटोकपी लगायतको सर्भिस छिटो छरितो र भरपर्दो रुपमा गर्नुभई ढुक्क हुनुहोस् ।

Printer Shop
*The complete office solution*
Contact No. 9845292140, 057-527041, Schoolroad, Hetauda-4
tonerhouse_htd@yahoo.com

# बागमती प्रदेशलाई खेलकुदमैत्री बनाउने लक्ष्यः मन्त्री नेपाल

साझाकुरा संवाददाता

हेटौंडा, १२ चैत/ बागमती प्रदेशकी युवा तथा खेलकुद मन्त्री उर्मीला नेपालले बागमती प्रदेशलाई खेलकुदमैत्री बनाउने लक्ष्य लिएको बताएकी छिन् ।

बागमती प्रदेशमा खेलकुदमैत्री वातावरण सिर्जना गरेर पूर्वाधार निर्माणमा जोडदिने लक्ष्य लिएको उनले बताइन् । मकवानपुर जिल्ला खेलकुद विकास समितिको आयोजनामा हेटौंडा-१०, स्थित टिसीएनचौरमा जारी दोस्रो वृहत् खेलकुद, कृषि तथा पर्यटन महोत्सवमा बिहीबारबाट सुरु भएको प्रथम आमन्त्रित तेक्वान्दो प्रतियोगिताको उद्घाटन कार्यक्रमलाई सम्बोधन गर्दै खेलकुदमन्त्री नेपालले यस्तो बताएकी हुन् । खेलकुदमन्त्री नेपालले प्रदेशबाट नवप्रतिभा भएका खेलाडीको खोजी गरेर राष्ट्रियस्तरको प्रतियोगितासँगै अन्तर्राष्ट्रियस्तरसम्मको प्रतियोगितामा प्रतिस्पर्धा गर्न सक्ने क्षमताको विकास गराउने लक्ष्य लिएको उल्लेख गरिन् ।

उनले एक स्थानीय तह एकखेल पूर्वाधारलाई प्राथमिकता दिने कार्यक्रममा लागिरहेको बताइन् । प्रदेशको खेलकुद नीति निर्माण प्रक्रियालाई अगाडि बढाएको र त्यसले खेलाडीको पहिचानसँगै प्रोत्साहन र भविष्यको सुनिश्चिततालाई प्राथमिकतामा राख्ने दावी उनले गरिन् । खेलकुदले युवालाई कूलत जस्ता नकारात्मक क्रियाकलापबाट दुरी बढाउँदै उनीहरुको उर्जालाई राष्ट्रिय निर्माणमा लैजान प्रेरित गर्ने भएकोले प्रदेशलाई खेलकुद मैत्री बनाउने लक्ष्यसहित अगाडि बढेको उनले स्पष्ट पारिन् ।



कुनैपनि एक खेलाडी अन्तर्राष्ट्रियस्तरको प्रतियोगितामा सहभागी भएर नेपाली झण्डा उठाएमा नेपालीको शीर गर्वले उच्च हुने र त्यसमा कुनै जातपात धर्मको कुरा ननिकल्ने दावी गर्दै उनले भनिन् 'त्यो क्षणले हामीलाई राजनीतिक बिचार भन्दा माथि उठाएर एउटै नेपाली हो भन्ने कुराको पुष्टी गराउँछ । यही भावना आज राष्ट्रिय एकताका लागि आवश्यक छ ।' प्रदेश सरकार हरेक समय खेलाडीका लागि संवेदनशील रहेको उनले जानकारी गराइन् । नेपाली बीर गोर्खाली र विश्वकै सबै भन्दा अग्लो हिमाले सगरमाथाको नामले चिनिएको जस्तैगरी सक्षम र सबल खेलाडीको नामले चिनिन सफल भएको बताउँदै उनले भनिन् 'हामीले सही तरिकाले खेलाडीको व्यवस्थापनका लागि केही गर्न सकेका छैनौं ।'

खेलाडीको मर्म र भावनालाई बुझेर प्रदेश सरकारले गर्नपर्ने कामबाट पछि नपर्ने प्रतिवद्दता उनले व्यक्त गरिन् । खेलकुदक्षेत्रको विकासका लागि प्रदेशस्तरीय खेलकुद र राष्ट्रपति रनिङ शिल्ड प्रतियोगिताको आयोजना गर्ने मन्त्री नेपालले बताइन् । अहिले ५२ प्रतिशत युवा विदेश पलायन हुने अवस्था सिर्जना भएको त्यही कुरालाई मध्यनजर गर्दै प्रतियोगिता आयोजना गर्ने उनको भनाई थियो । मकवानपुर जिल्ला तेक्वान्दो संघको आयोजनामा सुरु भएको प्रतियोगितामा ११ जिल्लाको टिमको सहभागिता रहेको संघका अध्यक्ष लालकाजीरत्न बज्राचार्यले जानकारी गराएका छन् । प्रतियोगिता आज शुक्रबारसम्म सञ्चालन हुने अध्यक्ष बज्राचार्यले बताए ।

यसखघि राष्ट्रिय महिला भलिबल, जिल्लास्तरीय पुरुष भलिबल, व्याड्मिन्टन, दौड र जिल्लास्तरीय कराँते प्रतियोगिता सम्पन्न भइसकेको छ । प्रतियोगितामा प्रथम, द्वितीय र तृतीय हुने टिमलाई क्रमशः ५० हजार रुपैयाँ, ३५ हजार रुपैयाँ र २५ हजार रुपैयाँसहित शिल्ड, मेडल तथा प्रमाणपत्र प्रदान गरिने छ । विधागत उत्कृष्टतर्फका खेलाडीका लागि पनि पुरस्कारको व्यवस्था गरिएको छ । उद्घाटन समारोहमा प्रदेश खेलकुद बोर्डका पूर्वसदस्य माधव तिमल्सिना, जिल्ला खेलकुदका अध्यक्ष राजकुमार मोक्तानलगायतको उपस्थिति रहेको थियो ।

# थाहानगरको टिष्टुङमा 'आमा परियोजना' ले काम थाल्यो



साझाकुरा संवाददाता

हेटौंडा, १२ चैत/थाहा नगरपालिकाको टिष्टुङमा आगामी तीनवर्षका लागि सञ्चालन हुने 'आमा परियोजना' को जानकारी तथा अभिमुखीकरण भएको छ ।

कार्यक्रम जागृति बाल तथा युवा सरोकार केन्द्रको आयोजनामा भएको हो । थाहा नगर पालिका-११ का वडाध्यक्ष तथा सामाजिक विकास समिति संयोजक दिनेश बलको प्रमुख आतिथ्यतामा भएको कार्यक्रममा जलवायुमैत्री कृषि एवं पोषण बगैंचासम्बन्धी अभिमुखीकरण गरिएको छ । कार्यक्रममा नागरिकको आयस्तर वृद्धिका लागि सञ्चालन हुन लागेको परियोजनालाई सफल बनाउन सबै तहबाट एकीकृतरुपमा लाग्नुपर्ने वडाध्यक्ष बलले बताए । उनले किसानका लागि खानेपानी र सडक पहुँचका लागि आफूले काम गर्दै आएको बताउँदै अब पर्यटन र कृषितर्फ पनि योजना तर्जुमा र कार्यान्वयका लागि अघि सर्ने बताए ।

थाहा नगरपालिका सामाजिक विकास शाखाप्रमुख अनिल लामिछानेले गैरसरकारी संस्था स्थानीय सरकारको कामलाई प्रवर्द्धन गर्नका लागि सहयोगी सावित हुने बताए । लामिछानेले पालिकामा काम गर्ने गैरसरकारी संस्थासँग सहकार्य हुने बताए । थाहानगरको पर्यटन शाखाप्रमुख सुरजकुमार भुजेलले नागरिकबाटै माग भएका योजना दिगो हुने बताउँदै आवश्यकतामा आधारित योजनालाई मुर्तरुप दिन स्थानीय तह सहकार्यका लागि तयार हुने बताए । शाखाप्रमुख भुजेलले जलवायुमैत्री कृषि एवं पोषण बगैंचासँग सम्बन्धीत कार्यक्रमले नागरिकको भान्सादेखि भविष्यसम्मलाई सहयोग पुऱ्याउने उल्लेख गरे ।

कार्यक्रममा टिष्टुङ सानाकिसान कृषि सहकारी संस्थाका अध्यक्ष किरणमान बलले टिष्टुङलाई पर्यटकीय क्षेत्रको रुपमा विकास गर्नका लागि आफ्नो तर्फबाट सहयोग गर्ने प्रतिवद्धता जनाए । थाहा-११ का पूर्ववडाध्यक्ष समेत रहेका बलले आफ्नो कार्यकालमा निर्माण भएका पर्यटन पूर्वाधारलाई संरक्षण र प्रवर्द्धन गर्दै नयाँ काम अहिलेको जनप्रतिनिधिले गर्नसके सकारात्मक सन्देश जाने धारणा राखे । उनले आफू आवद्ध भएको सहकारी संस्थाले कृषि फोकल पर्सन नै राखेर जनतालाई सेवा दिइरहेको बताउँदै नागरिकको हितमा हुने कार्यक्रमका लागि जहिल्यै सहयोग र सहकार्य गर्न तयार रहेको प्रतिक्रिया दिए ।

जागृति बाल तथा युवा सरोकार केन्द्रका कार्यकारीनिर्देशक प्रकाश खड्काको सभाध्यक्षतामा भएको कार्यक्रममा संस्थाका नारायण अधिकारी, बागेश्वरी माविका प्रधानाध्यापक वीरमान स्याङ्तान तथा अन्य पदाअधिकारीको उपस्थिति रहेको थियो । कार्यक्रममा २५ जनाभन्दा बढी किसानको सहभागिता रहेको थियो ।

# कैलाशको स्यार्सेकालिकामा विशेष क्षमापूजा

साझाकुरा संवाददाता

हेटौंडा, १२ चैत/ करिव चारसय वर्ष पुरानो शक्तिपीठको रुपमा पूजा आराधाना गरिदैं आएको मकवानपुरको कैलाश गाउँपालिका-९ नामटारस्थित स्यार्सेकालिका मन्दिरमा शुक्रबार विशेष क्षमायाचना पुजन कार्यक्रमका साथै शतचण्डी महायज्ञ हुने भएको छ ।

विहीबार महायज्ञ परिसरमा पूर्वाङ्गकार्य गरेसँगै आज शुक्रबार शतचण्डी महायज्ञ हुन लागेको हो । स्यार्सेकालिका मन्दिर क्षेत्र विकास समितिको आयोजना तथा गाउँपालिकाको आर्थिक सहयोगमा महायज्ञ लगाउन लागिएको हो । आध्यात्मिक गुरु सविन शिवाकोटीले २ दिन हुने कार्यमा गङ्गा पुजन, पाठपारायण, शतचण्डी पाठपारायण, नवग्रह पुजन, लघुरुद्राभिषेक, श्रीसुक्तपाठद्वारा हवन, वैदिक तान्त्रिक हवनलगायत अन्य पाठपारायण गरिने बताए । स्यार्सेकालिका मन्दिरको यहाँसम्मको व्यवस्थित बनाउन स्थानीय सरकार र प्रदेश सरकारको लगानी रहेको गाउँपालिका अध्यक्ष लोकबहादुर मुक्तानले बताए ।



२०५० सालको बाढीले क्षतविक्षत अवस्थामा रहेको यस शक्तिपीठलाई क्रमिकरुपमा विकास र व्यवस्थित गर्दै अहिले यति धेरै संरचना निर्माण भएको बताए । गाउँपालिका र प्रदेश सरकारले बजेट विनियोजनका साथै स्थानीय, कालाखेती, बर्तौला, शिवकोटी, लटौला परिवारलगायत अन्य थुप्रै चन्दादाताको सहयोगमा मन्दिर परिसरमा विकास निर्माण भएको अध्यक्ष मुक्तानले बताए । गाउँपालिकाले सबै धर्मका शक्तिपीठलाई संरक्षण र प्रवर्द्धन गर्दै जगेर्ना गर्ने काम गरिरहेको बताए । मन्दिर, शक्तिपीठ, गुम्बा, चर्चलगायत विभिन्न धर्मका धार्मिक आस्थाका क्षेत्रको संरक्षण, प्रवर्द्धन र जगेर्ना गर्नुनै हाम्रो दायित्व हो, अध्यक्ष मुक्तानले भने ।

स्थानीय सरकारले सबै धर्मलाई समानताको रुपमा लिएर आवश्यक समन्वय र सहकार्य गर्दछ । खादे, स्यार्से र मनहरीको त्रिवेणी रहेको यसस्थानमा स्यार्सेकालिका मन्दिर निर्माण गरिएको हो । मन्दिरमा ठकुरीको वायु रहेकाले वर्षौंदेखि हामीले नै पूजाआजा गर्दै आइरहेको मन्दिरका पूजारी दानब हादुर ठकुरीले बताए । कालिका भगवतीका सात दिदीबहिनी मध्ये यहीँ वरिपरी चार दिदीबहिनी रहेको उनले सुनाए । यी स्यार्से जेठी भइन् भने सरिखेतको भर्याङकाली कान्छी हुन् । नामटार-९ घैराङ र कैलाश-३ कालिकाटारमा दुई दिदीबहिनीको कालिका मन्दिर रहेको पूजारी ठकुरीले बताए ।

श्रीरामनवमीको अवसरमा वास्तुपूजा, नवग्रहपूजा, नागपूजा, क्षेत्रपाल, लक्ष्मीनारायण, योगिनी, नारायणबली पूजालगायत धार्मिक अनुष्ठान हुने मन्दिर समितिका सचिव मनोज बर्तौलाले बताएका छन् ।

# मुख्य न्यायाधीवक्ताको कार्यालयको आठौं स्थापना दिवस

साझाकुरा संवाददाता

हेटौंडा, १२ चैत/मुख्य न्यायाधीवक्ताको कार्यालय बागमती प्रदेशको आठौं स्थापना दिवस बिहीबार हेटौंडामा एक कार्यक्रमकाबीच सम्पन्न भएको छ ।

मुख्य न्यायाधीवक्ता अप्सरा बस्नेतको सभाध्यक्षतामा भएको कार्यक्रममा आन्तरिक मामिला तथा कानुनमन्त्री शिवराज अधिकारी प्रमुखअतिथि रहेका थिए । कार्यक्रममा मुख्य न्यायाधीवक्ता बस्नेतले कार्यालयको काम, कर्तव्य, अधिकार तथा आर्थिक वर्ष २०८२/८३ मा सम्पन्न कार्यक्रमबारे प्रस्तुतीकरण दिएकी थिइन् । सामाजिक विकासमन्त्री कन्चनचन्द्र वादे, उद्योग, वाणिज्य, भूमि तथा प्रशासनमन्त्री बिदु श्रेष्ठ, जिल्ला समन्वय समिति मकवानपुरका अध्यक्ष ललित घलान, पत्रकार महासंघ बागमती प्रदेश अध्यक्ष कृष्ण सारुमगर, मकवानपुर शाखाअध्यक्ष बालकृष्ण अधिकारी, गैरसरकारी संस्था महासंघ मकवानपुरकी अध्यक्ष रमिला सापाकोता लगायत विभिन्न संघसंस्थाका प्रतिनिधिको उपस्थिति रहेको थियो ।

कार्यक्रमकै क्रममा हेटौंडास्थित मुख्य न्यायाधीवक्ताको कार्यालयकी कार्यालय सहयोगी चन्द्रावती अधिकारीलाई नगदसहित प्रमाणपत्र प्रदान गरी सम्मान गरिएको थियो । कार्यक्रमको सञ्चालन कार्यालयप्रमुख उपन्यायाधीवक्ता प्रकाश घिमिरेले गरेका थिए भने स्वागत सहायक न्यायाधीवक्ता राजेन्द्रमणि पौडेलले गरेका थिए ।

**चल अचल सम्पत्ती वा घर-जग्गा भाडामा दिंदा लिंदा अनिवार्य रुपमा सम्झौता गर्ने सम्बन्धी सूचना !**

हेटौंडा उपमहानगरपालिका वडा नम्बर २ मा चल अचल सम्पत्ती वा घर जग्गा भाडामा दिने लिने सबैले अनिवार्य रूपमा ३ पुस्ते पारिवारिक विवरण उल्लेख गरि चल अचल सम्पत्ती वा घर जग्गा भाडा सम्झौता गरेर मात्र दिन लिन हुन सरोकारवाला सबैमा यो सूचना प्रकाशन गरिएको छ । सम्झौता नगरी भाडामा लिने दिने गरेको पाईएमा वा यस सम्बन्धमा कुनै समस्या आई परेमा सम्बन्धीत व्यक्ति नै जिम्मेवार हुने व्यहोरा सम्बन्धीत सबैमा जानकारीको लागि यो सूचना प्रकाशन गरिन्छ ।

हेटौंडा उपमहानगरपालिका
२ नं. वडा कार्यालय
हेटौंडा, मकवानपुर

कृषि प्रदर्शनी एवम् प्रवर्द्धन-ज्ञान, सीप, प्रविधि र बजारको संगम
मकवानपुर उद्योग वाणिज्य संघ
द्वारा आयोजित
बागमती प्रदेश स्तरीय
कृषि प्रदर्शनी २०८२
मिति: २०८२ चैत १३ गतेदेखि १६ गतेसम्म
स्थान : पल्पसा सदन, हेटौंडा-२
प्रवर्द्धक :
कृषि तथा पशुपन्छी विकास मन्त्रालय, बागमती प्रदेश
हेटौंडा उपमहानगरपालिका कार्यालय
प्रवेश निःशुल्क गरिएको छ।
प्रदर्शनी अवलोकनका लागि पाल्नु होला।
कार्यक्रम संयोजन: मउवासंघ कृषि प्रवर्द्धन समिति

महोत्सव हेर्न टिसिएन चौर जाऔं — सहभागी बनौं सफल पारौं
दोस्रो
बृहत खेलकुद, कृषि तथा पर्यटन महोत्सव-२०८२
मुख्य आकर्षणहरू:
- विभिन्न राष्ट्रिय तथा जिल्लास्तरीय खेलकुद प्रतियोगिता
- दैनिक राष्ट्रिय तथा स्थानीय कलाकारको प्रस्तुती
- परम्परागत तथा जिल्लाको संस्कृति झल्किने गरी जात जातिहरुको भेषभुषाको झाकी एवम् कला प्रदर्शन ।
- खेलकुद सामग्री, लत्ता कपडा तथा भाँडाकुडा प्रदर्शनी
- अन्तराष्ट्रिय स्तरको बाल उद्यान (रोटे पिङ, ड्रयागन, मारुती सर्कस, ब्रेक डान्स, भुत घर, चिडिया घर र बच्चाहरुको खेलौना)
- राष्ट्रिय तथा स्थानीय खानाको प्रदर्शनी
(२०८२ फागुन २९ गतेदेखि चैत १४ गतेसम्म)
हेटौंडा-१०, टिसिएन चौर
विशेष आकर्षण
आयोजक:
मकवानपुर जिल्ला खेलकुद विकास समिति, हेटौंडा

साझाकुरा राष्ट्रिय दैनिकका लागि **सविन न्यौपाने**द्वारा प्रकाशित, सम्पादक: **सरला खनाल**, कार्यालय/मुद्रण: हेटौंडा-१ चौकीटोल, फोन नं.: ०५७-५२११५, E-mail:sajhakura@gmail.com, URL: www.sajhakuranews.com, पोष्ट बक्स नं. २९, **मुद्रण:** सफल छापाखाना